प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय

# स्वास्थ्य निर्देशनालय

गण्डकी प्रदेश, पोखरा, नेपाल

टोल फ्री न. १०९२
फोन नं. ०६१-५२०३९०
फ्याक्स: ०६१-५२०३३०

## प्रेस विज्ञप्ति

मिति : २०७७/१/१९

गण्डकी प्रदेश सरकार, स्वास्थ्य निर्देशनालयका निर्देशक डा. विनोद विन्दु शर्मा र सामाजिक विकास मन्त्रालयका अस्पताल विकास महाशाखा प्रमुख डा. रामबहादुर के.सी. ले लेखनाथ लायन्स सामुदायिक अस्पतालको व्यवस्थापन समितिका पदाधिकारीहरुसंग छलफल तथा बैठक गर्नुभएको छ । अस्पताललाई प्रदेश सरकारको मातहत ल्याई हाललाई कोभिड - १९ उपचार व्यवस्थापन अस्पतालको रुपमा विकास गर्दै नयाँ सेवा सुविधाको विस्तार गर्ने र स्तरोन्नति गर्ने विषयमा उक्त बैठकमा छलफल भएको थियो ।
बैठकमा निम्न ७ वटा बुँदामा बुँदागत रुपमा छलफल भएको थियो भने दाताले प्रदान गरेको जग्गाको अनुगमन का साथै उपयोगिताको बारेमा पनि बहस भएको थियो ।

- सर्वस्वदाताहरुको बारेमा गण्डकी प्रदेश सरकारले शेषसम्मका लागि सोच्नुपर्ने ।
- दाताहरुको फोटो र शिलालेख स्थापना गर्नुपर्ने ।
- मौज्दात सम्पत्ति तथा दायित्व हस्तान्तरण गरिनुपर्ने
- हाल प्रदान भैरहेको सेवालाई अझै बिस्तार गरिनुपर्ने
- साविक लेखनाथवासिले पाउने सेवालाई बढाउने ।
- हाल कार्यरत जनशक्तिको व्यवस्थापन ।
- रोजगारमा स्थानीयवासीले प्राथमिकता पाउनुपर्ने ।
- अस्पतालको नामकरणका बारेमा ।
- विविध ।

विश्व स्वास्थ्य संगठनको आयोजनामा गण्डकी प्रदेशमा स्वास्थ्य क्षेत्रमा कार्यरत साझेदार संस्थाहरुको भर्चुअल बैठक सम्पन्न भएको छ । बैठकमा विभिन्न सहयोगी संस्थाहरुले कोभिड - १९ संक्रमण नियन्त्रण, रोकथाम र व्यवस्थापनमा गण्डकी प्रदेश सरकारलाई विभिन्न तरिकाबाट सहयोग गर्ने प्रतिबद्धता समेत गरेका छन् ।
आज थप कसैको पनि PCR परिक्षणका लागि नमुना संकलन गरिएको छैन । अहिलेसम्म गण्डकी प्रदेशमा ६२७ जनाको नमुना संकलन भएको छ जसमा ६२५ जनाको परीक्षण परिणाम नेगेटिभ रहेको छ भने २ जना संक्रमित मध्ये दुवै जना निको भएर घर फर्किसक्नुभएको छ । त्यसैगरी गण्डकी प्रदेशमा हालसम्म ५४७७ (आज ६४ जनाको) जनाको RDT परीक्षण गरिएको छ ।
आजसम्म हेल्लो डाक्टर १०९२ मा ७६७ जनाले चिकित्सकीय परामर्श सहितको विशेषज्ञ सेवा लिएकाछन् ।
आज हेल्लो डाक्टर सेवामा मणिपाल शिक्षण अस्पतालबाट डा. जस्मिन गुरुङ र डा. रमा ताम्राकार चिकित्सकीय परामर्श सहितको सेवा प्रदान गर्नुभएको छ ।

डा विनोद विन्दु शर्मा
निर्देशक